धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक   जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ८४ ◆ २०८३ असोज २४ शनिबार ◆ Saturday, October 10, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## मन्त्री चौधरीद्वारा थारू आयोगका विभिन्न प्रतिवेदन सार्वजनिक

❑ प्रत्यूष समाचारदाता

काठमाडौं । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले थारू आयोगका विभिन्न प्रतिवेदन सार्वजनिक गर्नुभएको छ । थारू आयोगको कार्यालयमा शुक्रबार आयोजित कार्यक्रममा थारू अगुवा तथा विज्ञहरूको सहभागिता मा उहाँले प्रतिवेदन सार्वजनिक गर्नुभएको हो । थारू जातिको लोक चित्रकाल, थारू समुदायको खाद्य परिकार, थारू लेखनशैली निर्देशिका, थारू समुदाय: सिकल सेल एनिमिया र बिटा थपलिया, मुक्तकमैया तथा कमलहरीहरुको अवस्था, थारू समुदायको बलिदानीको इतिहाससलगायत प्रतिवेदन सार्वजनिक गरिएको छ। कार्यक्रममा मन्त्री चौधरीले प्रतिवेदनमा समेटिएका विषयहरू को प्रभावकारी कार्यान्वयनका लागि थारू अगुवाहरूले पनि पहल गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले प्रतिवेदन कार्यान्वयन मार्फत थारू समुदायका समस्या सम्बोधन गर्न सम्बन्धित पक्षको सक्रियता आवश्यक रहेको बताउनुभयो ।

## सुदूरपश्चिम रोयल्सको आइकोनिकमा टेकराज थलाल

काठमाडौं । नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करणमा सुदूरपश्चिम रोयल्सले डडेल्धुराका टेकराज थलाललाई आइकोनिक खेलाडीका रूपमा छनोट गरेको छ।

प्रदेशका नौवटै जिल्लामा सञ्चालन गरिएको प्रतिभा खोज कार्यक्रम (ट्यालेन्ट हन्ट) बाट बायाँहाते मध्यम गतिका बलर थलालले उक्त अवसर पाएका हुन्। स्थानीयस्तरमा रहेका क्रिकेट खेलाडीको क्षमता पहिचान गरी टोलीमा आबद्ध गराउने लक्ष्यसहित रोयल्सले सुदूरपश्चिमका सबै जिल्लामा 'ट्यालेन्ट हन्ट' आयोजना गरेको थियो। कार्यक्रममा दार्चुला, बैतडी, बझाङ, डोटी, डडेल्धुरा, अछाम, बाजुरा, कैलाली र कञ्चनपुर का खेलाडीले आफ्नो खेल कौशल प्रस्तुत गरेका थिए।

यही असोज १४ गते बैतडीको दिलासैनीबाट सुरु भएको छनोट प्रक्रिया असोज १५ गते बझाङ, १६ गते डोटी र डडेल्धुरा तथा १७ गते अछाम र बाजुरामा पुगेको बताइएको थियो।

त्यसपछि असोज १९ गते धनगढीमा कैलाली र कञ्चनपुरका खेलाडीको क्षमता मूल्याङ्कन गरिएको थियो। छनोटको अन्तिम चरण भने असोज २० र २१ गते धनगढी ओभलमा सम्पन्न भएको थियो।

## वर्ल्ड न्युट्रिसन समिटमा नेपालको प्रतिनिधित्व गर्दै डा मन्सुर

काठमाडौं। नेपालको प्रतिनिधित्व गर्दै फिजिसियन डा दिलजान मन्सुर दक्षिण अफ्रिकाको केपटाउनमा हुने विश्व वैज्ञानिक सम्मेलन 'वर्ल्ड न्युट्रिसन समिट, २०२६' मा अन्तरराष्ट्रिय अतिथि वक्ताका रूपमा सहभागी हुनुहुने भएको छ।

यस प्रकारको सम्मेलनमा अतिथि वक्ताका रूपमा निमन्त्रणा पाउनेमा डा मन्सुर पहिलो नेपाली चिकित्सक हुनुहुन्छ । विश्वस्तरमा प्रतिष्ठित सो सम्मेलन आगामी यही अक्टोबर १४ देखि १६ सम्म दक्षिण अफ्रिकाको स्टेलनबोस्चस्थित हेजेनडाल वाइनस्टेटमा आयोजना हुँदैछ।

यस वर्षको सम्मेलनमा द नोक्स फाउण्डेशन र न्युट्रिसन नेटवर्कको संयुक्त आयोजनामा 'रिलाइटिड द रुल्स' नाराका साथ सञ्चालन हुनेछ।

सम्मेलनमा विश्वभरका अग्रणी चिकित्सक, वैज्ञानिक र अनुसन्धानकर्ताले मेटाबोलिक स्वास्थ्य, कार्बोहाइड्रेड नियन्त्रण र दीर्घकालीन



रोगको उपचारबारे गहन छलफल डा मन्सुरले जानकारी दिनुभयो।

वैज्ञानिक मेटाबोलिक थेरापीले बिरामीको जीवन बदल्न सक्छ भन्ने आफूहरुले प्रमाणित गरेर देखाइरहेका छौं र अन्ततः यो आवाज विश्व मञ्चमा सुनिने भएकामा उहाँले खुसी व्यक्त गर्नुभयो। काठमाडौंको एफडिएच क्लिनिकमार्फत विगत केही वर्षदेखि बिरामीको सेवा गर्दै आउनुभएका डा मन्सुरले नेपालमा परम्परागत चिकित्सा प्रणालीभन्दा फरक (कार्ब र मेटाबोलिक थेरापीको जग बसाल्नुभएको मानिन्छ।

## चाडपर्वमा यात्रु ठग्नेलाई कारबाही गर्न सभापति गजुरेलको निर्देशन

❑ प्रत्यूष समाचारदाता

काठमाडौं। प्रतिनिधीसभाअन्तर्गतको पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेलले चाडपर्वको समयमा यात्रु ठग्नेलाई कारबाही गर्न निर्देशन दिनुभएको छ।

सभापति गजुरेलले (हिजो) शुक्रबार साँझ गौंगबुस्थित नयाँ बसपार्कको अनुगमन गर्दै चाडपर्वमा हुनसक्ने ठगीलाई नियन्त्रण गर्न सम्बन्धित निकायलाई कडा निर्देशन दिनुभएको हो।

सभापति गजुरेलले यसवर्ष दशैं तिहार तथा छठमा १० देखि १५ लाख यात्रु उपत्यकाबाट बाहिरिने अनुमान गरेको भन्दै सोहीअनुसारको व्यवस्थापन मिलाउन सम्बन्धित निकायलाई आग्रह गर्नुभयो। उहाँले पूर्वाधार विकास समितिले दसैं, तिहार र छठपर्वमा यात्रुहरूको यात्रालाई सहज, सुरक्षित र व्यवस्थित बनाउन प्रतिनिधिसभा सदस्य धनेन्द्र कार्कीको संयोज-कत्वमा उपसमिति गठन गरेर उक्त उपसमितिमार्फत तयार पारिएको प्रतिवेदन यस अघि नै प्रधानमन्त्री कार्यालय तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा बुझाइसकिएको बताउनुभयो। सभापति गजुरेलले अध्ययन प्रतिवेदनअनुसार यात्रुको सङ्ख्याअनुसार बसको सङ्ख्या पर्याप्त रहेकाले यसको व्यवस्थापन आवश्यक रहेको उल्लेख गर्नुभयो। फूलपातीदेखि नवमीसम्मको समयमा यात्रुको चाप उच्च हुने भएकाले आवश्यकता परेमा थप बस सञ्चालनका साथै नेपाली सेना, नेपाल प्रहरी तथा सरकारी निकायका सवारीसाधनसमेत प्रयोगमा ल्याउन सकिनेगरी समन्वय भइरहेको उहाँको भनाइ छ। अनुगमनका क्रममा नयाँ बसपार्क भित्र डिजिटल प्रणाली मार्फत टिकट काट्दा तोकिएको दररेटअनुसार नै भाडा लिइएको र टिकटमा यात्रुको नाम, ठेगाना र सम्पर्क नम्बरसहितको चलानी प्रतिवेदन राखिएकाले ठगी हुने सम्भावना नरहेको पाइएको बताउनुभयो। उहाँले आधिकारिक काउन्टर र प्रणालीबाट मात्र टिकट काट्न यात्रुहरूलाई आग्रह गर्नुभयो। नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका महासचिव डेकनाथ गौतमले चाडपर्वको समयमा सहज रूपमा यातायातको प्रबन्ध गर्नका लागि महासङ्घ लागिरहेको कुरा बताउनुभयो। नेपाल सरकारबाट तोकिएको भाडामात्र लिएर सवारीसाधन सञ्चालन गर्नका लागि महासङ्घले सबै व्यवसायीलाई निर्देशन दिइसकेको बताउनुभयो।

नयाँबसपार्क सञ्चालन गरेको ल्होत्से बहुउद्देशीय प्रालिका महाप्रबन्धक पङ्ज मल्लले सोही



क्रममा सभापति गजुरेललाई नयाँबसपार्क सञ्चालनको बारेमा जानकारी दिनुहुँदै दसैंमा घर जाने यात्रुलाई अग्रिम टिकट बुकिङ गर्न १५ काउन्टर थप गरिएको समेत बताउनुभयो । अनुगमनमा काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक नरेशराज सुवेदी, सडक बोर्ड नेपालका सदस्य अरुणकुमार श्रेष्ठ, उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिना, नगर प्रहरी नायब उपरीक्षक प्रकाश पण्डित लगायतको सहभागिता थियो।

## व्यवसायमैत्री कानुन निर्माण आवश्यक छ : अध्यक्ष श्रेष्ठ

❑ प्रत्यूष समाचारदाता

ललितपुर। नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठले व्यवसायमैत्री कानुन निर्माण र नीतिगत सुधारमा निजी क्षेत्रको सहभागिता आवश्यक रहेको बताउनुभएको छ।

ललितपुर उद्योग वाणिज्य सङ्घको शुक्रबार आयोजित ४७औं वार्षिक साधारणसभाको उद्घाटन गर्दै उहाँले सरकारसँग व्यवसाय मैत्री कानुन निर्माण र नीतिगत सुधारका विषयमा महासङ्घले निरन्तर संवाद गरिरहेको जानकारी बताउनुभयो । अध्यक्ष श्रेष्ठले व्यवसायसँग सम्बन्धित कानुन तथा अध्यादेशमा सुधारका लागि सुझाव दिइएको र हाले ३६ बुँदे सुझावपत्र सरकारसमक्ष पेस गरिएको समेत जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "नीति निर्माण र कानुनी सुधारका छलफलमा निजी क्षेत्रलाई औपचारिक उपस्थितिमा मात्रै सीमित गर्नु हुँदैन, निजी क्षेत्रलाई केवल साक्षीका रूपमा होइन, मुख्य सरोकारवालाका रूपमा सहभागी गराइनुपर्छ, प्रधानमन्त्री कार्यालय सँग लगानी प्रवर्द्धन सम्बन्धी अवधारणामा काम भइरहेको छ, अर्थमन्त्री बाट १६ वटा ऐन सुधारको काम भएको छ।" उहाँले युवा उद्यमी तथा स्टार्टअप व्यवसायलाई प्रवर्द्धन गर्न सरकारले ल्याएका सहुलियत पूर्ण कर्जा कार्यक्रमको प्रभावकारी कार्यान्वय न आवश्यक रहेको बताउनु भयो। नवीन उद्यमीको पहिचान र कर्जा प्राप्त गर्ने प्रक्रियामा देखिएका अस्पष्टता हटाउनुपर्ने उहाँको भनाइ थियो। ललितपुर महानगर पालिकाका उपप्रमुख मञ्जली शाक्य बज्राचार्य ले महानगर पालिकाले ललितपुर उद्योग वाणिज्य सङ्घसँग समन्वय र सहकार्यमा उद्योगी व्यवसायीका हितमा काम गर्दै आएकाले आगामी दिनमा प्रभावकारी समन्वय र सहकार्य जारी रहने प्रतिबद्धता जनाउनुभयो । अधिकारी नरहरि घिमिरेले उद्योग व्यवसायलाई प्रविधिमैत्री बनाउन आग्रह गर्दै विदेशी लगानी भित्र्याउनसमेत आग्रह गर्नुभयो। सङ्घका अध्यक्ष विश्वराज बज्राचार्यले विपदबाट व्यवसायमा हुने क्षति न्यूनीकरण गर्न पूर्वतयारीमा लगानी बढाउनुपर्ने र नीतिगत सुधारका क्रममा निजी क्षेत्रलाई मुख्य सरोकारवालाका रूपमा सहभागी गराउनुपर्नेमा जोड दिनुभयो।

## पोखरामा स्कुल बस दुर्घटना हुँदा मृत्यु भएका पाँच जनाको पहिचान

❑ प्रत्यूष समाचारदाता

कास्की । कास्कीको पोखरा महानगरपालिका-२८ कालिका ओख्लेको भीरमा शुक्रबार बिहान स्कूल बस दुर्घटना हुँदा चार विद्यार्थी सहित पाँच जनाको मृत्यु भएको छ। घटनामा १४ जना घाइते भएका छन्। सौर्य माझठानाबाट कालिकास्थानतर्फ आउँदै गरेको कालिका बोर्डिङ स्कूलको गरछ १४१७ नम्बरको बस आज बिहान सडकबाट करिब २०० मिटर तल खसेर दुर्घटना भएको हो।

दुर्घटनामा परी मृत्यु हुनेमा पोखरा महानगरपालिका-२८ माझठानाकी १३ वर्षीया ममता तिवारी, सोही ठाउँका १४ वर्षीय अशिम कँडेल, कक्षा १० मा अध्ययनरत माझठानाकी १४ वर्षीया रुमिका नेपाली र माझठाना कै कक्षा १० मा अध्ययरत सुवेच्छा तिवारी रहेका जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख एवं प्रहरी उपरीक्षक नविन कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार उपचारका लागि लिफ्ट मागेर सोही बसमा सवार भएका पोखरा-२८ निवासी ६५ वर्षीय बाबुराम तिवारीको पनि दुर्घटनामा मृत्यु भएको छ।

दुर्घटनामा घाइते भएका तीन जनाको गण्डकी मेडिकल कलेजमा उपचार भइरहेको प्रहरी उपरीक्षक कार्कीले जानकारी दिनुभयो।

घाइतेहरूमा पोखरा-२८ सौर्यकी कक्षा १० मा अध्ययनरत १६ वर्षीया सृष्टी तिवारी, सोही ठाउँका कक्षा १० मा अध्ययनरत १६ वर्षीय शिसन थापामगर र डाँडागाउँका १६ वर्षीय कक्षा १० मा अध्यनरत सौगात तिमिल्सिना रहेका छन्। उनीहरूको अवस्था मध्यम रहनुका साथै बोल्न सक्ने अवस्थामा रहेका प्रहरीले जनाएको छ । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचाररत घाइतेमध्ये माझठानाकी १५ वर्षीया अस्मी कँडेलको अवस्था गम्भीर रहेको प्रहरी उपरीक्षक कार्कीले जानकारी दिनुभयो। छ।

यसैगरी मादी गाउँपालिका-१२ पहिरेकी १४ वर्षीया स्नेहा खत्री, पोखरा-२८ माझठानाकी १३ वर्षीया सोनिया तिवारी, १३ वर्षीय अङ्कित पराजुली, मादी-१२ पहिरेकी १५ वर्षीया स्मृति खत्री, पोखरा-२८ माझठानाकी १६ वर्षीया स्नेहा तिवारी, १४ वर्षीया आकृती बुढाथोकी, १५ वर्षीया मेरिना तिवारी, १४ वर्षीया सुप्रिया आचार्य र १६ वर्षीय यमन मगर घाइते भएका छन्। उनीहरू सबैको टाउकोमा चोट लागेको प्रहरीले जनाएको छ। बस चालक पोखरा महानगरपालिका-१५ निवासी ५७ वर्षीय तुलबहादुर गुरुङको ढाड र छातीमा चोट लागेको छ। उहाँको अवस्था मध्यम छ।

दुर्घटनाको जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय शिशुवाबाट प्रहरी निरीक्षक सन्तोष पौडेलको कमान्डमा सात जना, जिल्ला प्रहरी कार्यालय कास्कीबाट प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानको कमान्डमा ट्राफिक प्रहरीसहित १५ जना तथा सशस्त्र प्रहरी बल नेपाल नम्बर २४ हेक्वा कालिका गण पोखराबाट सशस्त्र प्रहरी नायब निरीक्षक बलराम गौतमको कमान्डमा १० जनाको टोली उद्धारमा खटिएको थियो।

सम्पादकीय ....

## महिला पत्रकारको सम्मान जरुरी

युवाहरू शहर पसिरहेका छन्, शहरले विकल्प नदिँदा विदेशिन बाध्य छन्। गाउँका समस्या, पीडा र आवाज उठाउने कोही नहुँदा समाज झन कमजोर बन्दै गएको छ। सरकार काठमाडौं केन्द्रित सोचबाट बाहिर ननिस्किएसम्म दुर्गम जिल्लाको यथार्थ बदलिँदैन। ७७ वटै जिल्ला छन भन्ने कुरा सरकारलाई सधैं सम्झाइरहनुपर्ने अवस्था लाजमर्दो हो कि ? भन्ने मेरो व्यक्तिगत धारणा हो।

महिला पत्रकारले उठाएका विषयलाई गम्भीरतापूर्वक नलिने प्रवृत्ति पनि व्याप्त छ। हामीले बोलेका कुरा पत्याइँदैन, प्रश्न सोध्दा अपमान सहनुपर्छ। कसैको गलत काम वा बेथिति बाहिर ल्याउन खोज्दा 'महिला भएर किन बोल्छ्यौ ?' भन्ने प्रश्न सुन्नुपर्ने अवस्था, गाउँघरमा सवाल-जवाफ गर्न डर लाग्ने अवस्था छ। सत्यको पक्षमा उभिँदा सामाजिक दबाब, मानसिक हिंसा र तिरस्कार झेल्नुपर्छ।

अझ दुःखद कुरा के छ भनेर, हामीमध्ये धेरैले औपचारिक पत्रकारिता शिक्षा पाएका छैनौं। रेडियो, अनलाइन र फिल्डमै सिकेर पत्रकारिता गरिरहेका छौं। अनुभवकै आधारमा काम गर्दै आएका छौं। तर दुर्गम जिल्लामा पत्रकारिता पढ्ने वातावरण नै छैन। पढ्नका लागि शहर जानुपर्छ, जसका लागि आर्थिक अवस्था, बसोबास र पारिवारिक जिम्मेवारी ठूलो बाधा बन्छ।

राज्यले दुर्गम जिल्लामा पत्रकारिता शिक्षाको पहुँच पुर्‍याउन सकिरहेको छैन। आफ्नै घरको खाना खाएर, बाबुआमाको हेरचाह गर्दै पढ्न पाउने वातावरण बनाइएमा धेरै महिला पत्रकार सक्षम बन्न सक्छन्। शिक्षा मात्र होइन, स्वास्थ्य सुविधा, सुरक्षित कार्य वातावरण र पेशागत संरक्षण पनि राज्यको दायित्व हो।

पत्रकारिता लोकतन्त्रको मेरुदण्ड हो भन्ने मान्यता व्यवहारमा देखिनुपर्छ। विश्वविद्यालयहरुले आमसंचार तथा पत्रकारिता पढ्न चाहने महिलाहरुलाई प्रोत्साहित गर्ने, छुट प्याकेज बनाउने र अवसर सिर्जना गरिदिने काममा भूमिका खेल्नुपर्छ। मिडिया हाउसहरुमा महिला पत्रकारहरुको संख्या बढेको छ, गुणस्तरीय समाचार उत्पादनमा महिला पत्रकारहरुले उल्लेख्य भूमिका निर्वाह गरिरहेपनि पुरुषको तुलनामा कम तलब वा सेवासुविधान दिने परिपाटीको अन्त्य भएको छैन्। यसमा पनि सम्बन्धित निकायहरुले ध्यान दिन जरुरी छ। दुर्गम जिल्लामा रेडियोमा काम गर्दै, पत्रकारिता गर्दै स्नातक तहसम्मको पढाइ पूरा गर्नु आफैँमा संघर्षको कथा हो। दुर्गम जिल्लामा महिला भएर पत्रकारिता गर्नु सजिलो छैन। समाजमा भइरहेका विकृति, विसंगति र अन्याय बाहिर ल्याउन ठूलो साहस चाहिन्छ। पढाइको अवसर नहुँदा 'हामी साँच्चिकै पत्रकार हौं कि होइनौं ?' भन्ने प्रश्न पनि हामीमाथि तेर्साइन्छ। फेलोसिप र बृत्तिविकासका कार्यक्रमहरु आफू निकट, आफ्नै संस्थाका सदस्य साथै राजनीतिक दल निकटताका आधारमा विभेद गरिन्छ।

लेख्न सक्ने, नयाँ खोज अनुसन्धान गर्न सक्ने र सिर्जनात्मक क्षमता भएकाहरु सँधै पछाडि पारिने गरेको छ। दुर्गममा बसेर काम गर्नेहरु झन प्रताडित र वन्चित छन्।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०, ९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# भोटेकोशी विपत्तिका ४५ दिनः बगेको बस्ती, हराएको चैन

प्रगति ढकाल

रसुवाको भोटेकोशीमा विनाशकारी बाढी गएको ४५ दिन बितिसक्दा पनि स्याफ्रुबेँसीका कान्छा तामाङको मनबाट त्यो कहालीलाग्दो क्षण हटेको छैन। आँखै अगाडि बस्तीलाई बाढीले बढारेको त्यो दृश्य उहाँको स्मृतिमा कहिलेसम्म रहनेछ थाहा छैन।

अझै पनि यी सबै सपना हो कि जस्तो लाग्छ कहिलेकाहीँ त उहाँलाई। यतिका दिनसम्म पनि कान्छाको आँखामा भने भदौ १० गतेको त्यो बाढीको भेल नाचिरहन छाडेको छैन।

बाढीपछि मृत्यु भएका ती आफन्त र गाउँले अब कहिल्यै फर्केर आउने छैनन्। हराएका ती प्रियजन अब त फर्केने आशा पनि मरिसक्यो। कहिलेकाहीँ फर्की आउँछन् कहीँकतैबाट पो भन्ने भ्रम पनि मनबाट पूर्ण रूपमा हट्न सकिरहेको छैन कान्छाको। आँखै अगाडि बगिरहेका ती प्रिजन सम्झन्छन्। बस्तीलाई बाढीले बढारेको दृश्य आँखामा नाचिरहन्छ। अनि झन् मन भक्कानिन्छ कान्छाको। सुन्दर बस्तीलाई बाढीले क्षणभरमै बगर बनाउरला र यति धरै कुरूप बन्ला बन्ने कल्पना पनि गर्नुभएको थिएन कान्छाले। ती उजाड लाग्दो बगरलाई हेर्दा आँखा रसाउँछ उहाँको।

त्यो दिन बाढीको भेल असामान्य रूपमा तीव्र थियो। बाढी आउँदा उहाँ केही अग्लो स्थानमा पुगेर ज्यान जोगाउन सफल हुनुभयो तर सुरक्षित स्थानमा पुगेपछि पनि उहाँले देखेको दृश्य झनै भयावह थियो। "गड्याङगुडुङ गरेर ठूलो आवाज आयो। के रहेछ भनेर हेर्दा त ठूलो बाढी रहेछ", कान्छा त्यो दिन सम्झनुहुन्छ, "बेतोडले भागेर अलि माथि पुगेँ। तल हेर्दा मानिस बगिरहेका थिए। कोही चिच्याइरहेका थिए। हेर्दाहेर्दै स्याफ्रुबेँसी बजारलाई बाढीले बडार्‍यो।"

आफू सुरक्षित ठाउँमा पुगे पनि अरूलाई जोगाउन नसकेको पीडा भने उहाँको मनमा गहिरो गरी बसेको छ। "सयौं मानिस बगेको हेर्नुपर्‍यो। त्यस्तो भेलमा पसेर उनीहरूलाई जोगाउन सकिने अवस्था थिएन", कान्छा भन्नुहुन्छ, "बगिरहेको हेर्नुबाहेक अर्को विकल्प नै के थियो र ? सम्झँदा पनि अहिले आङ सिरिङ्ग हुन्छ।" गड्याङगुडुङको आवाज, एकाएक उर्लिएको भेल, मानिसको चिच्याहट र आँखै अगाडि बगिरहेको बस्ती दृश्य सायद कान्छाको मानष्पटलमा ननाचेको कुनै क्षण नै नहोला।

बाढी गएको यतिका दिन बितिसक्दा पनि अझै डराइरहेको छ कान्छाको मन। घरीघरी ठूलो विपद् फेरि दोहोरिन्छ कि भन्ने चिन्ताले सताउन छाडेको छैन। "त्यो दिन सम्झँदा अहिले पनि डर लाग्छ", उहाँ भन्नुहुन्छ, "फेरि यस्तै विपद् दोहोरिन्छ कि डर लागिरन्छ। रातैभर आनन्दले निन्द्रा नै पर्दैन।" कान्छाका श्रीमती ल्हात्सेन डोल्पालाई पनि आँखै अगाडिको त्यो घटना न सम्झिन मन छ। न बिर्सन सजिलै सक्नुहुन्छ। उहाँका पनि कयौँ रातहरू डरै डरमा बितिसकेँ। अझै पनि मनको डर हट्न सकेको छैन। "आकाशमा मेग गर्जदा पनि डर लाग्छ, हामीलाई जन्दिगीभर नबिर्सने छाप छाडेको छ त्यो बाढीले", उहाँ भन्नुहुन्छ।

अर्का स्थानीय सन्दु ज्ञावाले पनि आफ्ना छ जना आफन्तलाई त्यही बाढीमा गुमाउनुपर्‍यो। बाढीले बगाएको बस्ती फेरि बनाउन सकिएला भन्ने लाग्छ सन्दुलाई। भत्किएका घर, सडक र संरचना पनि फेरि उठाउन सकिएला तर बाढीले खोसेका आफन्त भने कहिल्यै फर्कने छैनन्। सम्झनाले उहाँलाई पनि हरेक दिन सताइरहेको छ।

गत वर्ष पनि यसपटकको जस्तै भारी वर्षाबिना भोटेकोशीमा बाढी आएको थियो। तर यस्तो सुनामी थिएन। सन्दुको मनमा अर्को डरले डेरा जमाएको छ- फेरि पनि यो भन्दा ठूलो बाढी आयो भने ? "अब त ठूलो बाढी जुनसुकैबेला आउला भन्ने डर लाग्छ। बचेको घर पनि कुनै दिन बगाएर लैजाला कि भन्ने चिन्ता हुन्छ", उहाँ भन्नुहुन्छ।

त्यो दिन बाढी आउँदैछ भन्ने पूर्वसूचना आफूहरूले नपाएको सन्दु बताउनुहुन्छ। नदीको आवाज अस्वाभाविक आएपछि के रहेछ भनेर हेर्दा पनि निकै ठूलो बाढी पो रहेछ। "हामीले बाढी आउँदैछ भन्ने सूचना पाएका थिएनौं। त्यस दिन बाढी आएको देख्नेबित्तिकै सुस्केरा हालेर आवाज दिन खोजेँ। कसैले सुनेन", उहाँ भन्नुहुन्छ।

बाढीको गर्जनसामु एउटा मानिसको सुस्केराको आवाज कति न ठूलो हुनु र मानिसले सुन्नु। सुनेर पनि भाग्न भ्याउने अवस्था थिएन। सन्दुले सुस्केरा दिँदादिँदै उहाँकै आँखा अघि बाढीले बस्ती र मानिसलाई बगायो। त्यो दिन सम्झिँदा सन्दुको मन अझै झस्किन छाडेको छैन। "अझै पनि यी सबै सपना भइदिएहुन्थ्यो जस्तो लाग्छ। बिहान उठ्दा 'अँ, धन्न सपना पो रहेछ' भन्न पाए हुन्थ्यो", उहाँ भन्नुहुन्छ। तर, त्यो सपना हुनै सक्दैन अब, कठोर सत्य हो। जुन स्वीकार गर्नुको विकल्प नै छैन।

स्याप्रुबेँसी बजारको उजाड बगर हेरेपछि आफन्त सम्झिरहनु हुन्छ सन्दु। घरको आँगनमा उभिँदा घर बचेको र आफू बाँचेको खुसीभन्दा अरु गुमाएकाको पीडा बल्झिन्छ। बाढीको भेल तलतिर बगेर गयो। तर, त्यसले सन्दु र अन्य बाँचेकाको मनमा छाडेको त्रास भने अझै बगेको छैन।

### कठिन जीवनस्तर

भोटेकोशी बाढी गएको ४५ दिन बितिसकेको छ। बाढीले खोसेका जीवन फर्केर आउने छैनन्। बेपत्ता आफन्त भेटिने आशा पनि मरिसक्यो। बाँचेका मानिस भने गुमाएका आफन्तको सम्झनामा टोलाइरहेका छन्। हिजोका सुन्दर बस्ती र हराभरा खेत, प्राकृतिक सौन्दर्यले भरिएको ठाउँ अहिले उजाड बगर बनेको छ। त्यो बगर देख्ने जो कोहीको मन भारी हुन्छ र आँखा रसाउँछन्। बाढीबाट जोगिएकाको जीवन पनि सहज छैन। घरबार र आफन्त गुमाएका परिवारको पीडासँगै दैनिक गुजारा चलाउने चुनौती थपिएको छ। "महँगी असाध्यै छ। हामी प्रभावित क्षेत्रका भए पनि प्रभावित परिवारमा नपरेकाले राहत लिन जान पनि मन लाग्दैन। किनेर खान पनि नजिकै ठाउँ छैन। अलि टाढा जाँदा असाध्यै महँगो पर्छ", सन्दु भन्नुहुन्छ, "बाँच्नेलाई पनि जिउन निकै गाह्रो छ।"

विपत्तिले दिएको पीडा र अभावकाबीच सन्दुको मनमा भने निराशासँगै पुनःसामान्य जीवनमा फर्किने झिनो आशा पनि बाँकी छ। सडक बन्ला, पुल बन्ला, बस्ती फेरि बस्ला र उजाडिएको ठाउँमा पुरानै सौन्दर्य फर्किएला भन्ने आशाले उहाँलाई घचघच्याइरहन्छ। पुनर्निर्माणपछि जीवन फेरि सहज बन्ने विश्वास त छ, तर त्यसका लागि कति समय कुर्नुपर्ने हो भन्ने उहाँलाई थाहा छैन। अहिलेका लागि उहाँसँग गुमाएका आफन्तको कहिल्यै नमेटिने सम्झना, विपद्ले छाडेको पीडा र फेरि जीवन लयमा फर्किने प्रतीक्षा भने बाँकी नै छ।

### आवतजावतलाई तुइन

केही सामान किन्न र उपचार गर्न जानुपर्दा भने घण्टौँ कुरेर तुइनबाट आवातजावत गर्नुपर्ने अर्को समस्या सुनाउनुहुन्छ कान्छा तामाङ। "तुइनबाट खोला तर्दातर्दै अझै ठूलो बाढी आउँछ र तुइनसहित बगाउला कि भन्ने डर लाग्छ। के गर्नु तुइनबाहेक अन्य केही विकल्प नै छैन", उहाँ सुनाउनुहुन्छ।

रसुवासहित बाढीबाट प्रभावित क्षेत्रमा वैकल्पिक आवत-जावतका लागि चार वटा तुइन निर्माण गरी सञ्चालनमा ल्याइएको छ। स्थानीय पूर्वाधार विकास विभागका उपमहानिर्देशक एवं प्रवक्ता कमलकुमार अधिकारीले बाढी प्रभावित क्षेत्रमा आवात-जावतका लागि बनाइएका ती तुइन निर्माण तथा मर्मतमा करिब रु २० लाख खर्च भएको जानकारी दिनुभयो। "नुवाकोटको इन्द्रेणीचौर-गुम्बाडाँडा जोड्ने त्रिशूली नदीको तुइनलाई मोटराइज्ड गरिएको छ। त्यस्तै रसुवाको गोसाइँकुण्ड गाउँपालिका-५ र ६ स्थित स्याफ्रुबेँसी-चिलिमे जलविद्युत् आयोजना क्षेत्रको तुइनलाई मोटराइज्ड गर्ने काम भएको छ", उहाँले भन्नुभयो, "रसुवाको गोसाइँकुण्ड गाउँपालिका-६ स्थित हाकुबेँसी र आमाछोदिङ्मो गाउँपालिका-१ जोड्ने तुइन तथा नुवाकोटको विदुर नगरपालिका-५ देविघाट क्षेत्रका तुइन सञ्चालनमा रहेको छ।"

### विपद्पछि १२ झोलुङ्गे पुलको मर्मत सम्पन्न

भोटेकोशी-त्रिशूली क्षेत्रमा आएको बाढीबाट क्षतिग्रस्त १२ वटा झोलुङ्गे पुलको मर्मत सम्पन्न भएको छ भने थप नौ वटा पुलको मर्मत अन्तिम चरणमा पुगेको छ। तेस्रो चरणका लागि आवश्यक स्टिल पार्टस् खरिदको सम्झौता भई पहिलो पटकको सामानसमेत आपूर्ति भइसकेको छ उहाँको भनाइ छ।

विभागका अनुसार मर्मत सम्पन्न भएका पुलमा नुवाकोटका पिमलटार- जागाराम, फोक्सेटार र जिलिङ तथा धादिङका मालिङ्गा-मझुवाटार दोभान, महादेवस्थान, केउरेनी-गहते, बेल्खु-भुतिया, कालिकास्थान, महेशदोभान-मास्टार, चिरौँदी खोला र शीतलबजार-क्युरेनीटार झोलुङ्गे पुल छन्। गोरखा-चितवन जोड्ने फिस्लिङ झोलुङ्गे पुलको मर्मतसमेत सम्पन्न भएको विभागले जनाएको छ।

विभागका अनुसार यी १२ वटा झोलुङ्गे पुलको मर्मतमा करिब रु तीन करोड खर्च भएको छ। त्यस्तै गोरखा-धादिङको बादरे, धुवादीघाट, जिन्टे-स्यालटार, धादिङ-नुवाकोट जोड्ने कोल्पु-कल्लेरीघाट, गोरखा-धादिङको जोगीमारा र कौडीखोला, गोरखा-चितवनको कुरिनटार (लेबाटार), धादिङको बिहानी पम्प र मलेखु झोलुङ्गे पुलको मर्मत कार्य अन्तिम चरणमा पुगेको विभागले जनाएको छ।

**जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं**

- **जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,**
- **बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,**
- **वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,**
- **नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,**
- **वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,**
- **जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,**
- **प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,**
- **जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं।**

**जलवायु परिवर्तनको असरबारे सचेत बनौं।**
**जलवायु-उत्थानशील समाज निर्माण गरौं।**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

## तीनै तहका सरकारबीच सहकार्यबाट नागरिकको अवस्था सुधार्नुपर्नेमा जोड

प्रत्यूष समाचारदाता

सुदूरपश्चिम। सुदूरपश्चिम प्रदेशका सामाजिक विकासमन्त्री सन्तोष कुमारी शर्मा थापाले नागरिकको सामाजिक तथा आर्थिक अवस्था सुधारका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य र समन्वय आवश्यक रहेको बताउनु भएको छ।

जिल्ला समन्वय समिति कैलालीद्वारा शुक्रबार आयोजित वार्षिक समीक्षा तथा असल अभ्यास आदानप्रदान कार्यक्रममा उहाँले विकास निर्माणका क्षेत्रमा देखिएका समस्या समाधान गर्न तीनै तहका सरकारले नियमित संवाद र सहकार्यलाई प्रभावकारी बनाउनुपर्ने मा जोड दिनुभयो।

मन्त्री शर्माले नागरिकले प्रत्यक्ष लाभ पाउने योजनालाई प्राथमिकता दिन र अधुरा योजना लाई सम्पन्न गर्ने गरी काम गर्न आग्रह गर्नुभयो। विकासका कार्यक्रम नागरिकको आवश्यकता र अपेक्षा अनुसार कार्यान्वयन हुनुपर्ने उहाँको भनाइ थियो।

आन्तरिक मामिला तथा कानुनमन्त्री खुशीराम डगौरा थारुले सुशासनलाई प्राथमिकतामा राख्दै प्रदेशको समग्र विकासका लागि सहकार्य र सहअस्तित्वको भावना सहित अघि बढ्नुपर्ने बताउनुभयो। उहाँले सङ्घीयतामाथि उठेका प्रश्नको सही ढङ्गले जवाफ दिने दायित्व प्रदेश तथा स्थानीय तहको पनि भएको उल्लेख गर्दै उपलब्ध स्रोतको उचित सदुपयोग र परिचालनमा ध्यान दिन आग्रह गर्नुभयो। "कानुनी र क्षेत्राधिकार सम्बन्धी समस्या छन्। सङ्घीयतालाई बलियो बनाउन ती समस्यालाई सम्बोधन गर्नुपर्ने आवश्यकता छ। तथापि, प्राप्त अधिकारको प्रयोग गर्दै सुशासन, सहअस्तित्व र एकताको भावनासहित स्रोतको सदुपयोग र सही परिचालनमा ध्यान दिऔँ", उहाँले भन्नुभयो। कार्यक्रममा भौतिक पूर्वाधार विकास राज्यमन्त्री जानकी कुँवर, उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री इन्दिरा गिरी, जिल्ला समन्वय समिति कैलालीका प्रमुख टीका चौधरी (भुल) र उपप्रमुख खगराज भुसाल लगायतले स्थानीय विशेषता र आवश्यकताका आधारमा नीति, योजना तथा कार्यक्रम छनोट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

सो क्रममा उहाँहरूले विकास निर्माणका कामलाई प्रभावकारी बनाउन सम्बन्धित निकायबीच समन्वय, सहकार्य र नियमित अनुगमन आवश्यक रहेको धारणा राख्नुभयो।

## एन्फाका अध्यक्षसहित चारजनाविरुद्ध आर्थिक अनियमितता एवम् खेल मिलेमतो गरेको कसुरमा मुद्दा दायर

काठमाडौँ। जिल्ला सरकारी वकिलको कार्यालय ललितपुरले निलम्बित अखिल नेपाल फुटबल सङ्घ(एन्फा)का पदाधिकारीविरुद्ध भ्रष्टाचार, ठगी र खेलमा मिलेमतो सम्बन्धी कसुरमा मुद्दा दायर गरेको छ।

बिहीबार सरकारी वकिलको कार्यालयले ललितपुर जिल्ला अदालतमा एन्फाका अध्यक्ष पङ्कजविक्रम नेम्वाङ, महासचिव किरण राई, कोषाध्यक्ष रवीन्द्र जोशी र लेखा अधिकृत सञ्जीव पाण्डेलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको हो।

प्रतिवादीमध्ये कोषाध्यक्ष रवीन्द्र जोशी र लेखा अधिकृत सञ्जीव पाण्डे हिरासतमा छन् भने अध्यक्ष नेम्वाङ र महासचिव राई फरार छन्। एन्फामा आर्थिक अनियमितता, म्याच फिक्सिङ (खेल मिलेमतो) र फिफा विश्वकपका टिकट अपचलन गरेको आरोपमा उनीहरुविरुद्ध मुद्दा दायर भएको जिल्ला सरकारी वकिलको कार्यालय ले जनाएको छ। सरकारी वकिलको कार्यालयले जिल्ला अदालतमा दायर गरेको अभियोगपत्रअनुसार उनीहरू विरुद्ध रु ९३ लाख ९०० बिगो कायम गरिएको छ। प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले एन्फामा भएको आर्थिक अनियमिततालगायतका विषयमा अनुसन्धान गरेको थियो। फिफा विश्वकप, २०२६ र एएफसी एसियन कप छनोट अन्तर्गत सन् २०२४ मार्च २१ मा काठमाडौँको दशरथ रङ्गशालामा हुनुपर्ने नेपाल र बहराइनबीचको घरेलु मैदानको खेल नियतवश बहराइनमा सारिएको अभियोगमा उल्लेख गरिएको छ। उक्त खेल बहराइनमा खेलाएबापत त्यहाँको फुटबल सङ्घबाट टिकट बिक्रीको राजस्वअन्तर्गत एन्फाले पाउनुपर्ने २० हजार अमेरिकन डलर संस्थाको बैंक खातामा दाखिला नगरी अपचलन गरेको अनुसन्धानबाट देखिएको अभियोग पत्रमा उल्लेख छ।

अभियोगपत्रमा रु १० लाखभन्दा माथिको खरिदमा अनिवार्य टेन्डर प्रक्रिया अपनाउनु पर्नेमा एउटै स्वामित्वका तीनवटा नक्कली फर्महरू खडा गरी कोटेशनमार्फत खेल सामग्री खरिद गरिएको पाइएको अनुसन्धानमा देखिएको छ। एन्फाको आर्थिक कार्यविधि, २०७५ अनुसार १० लाखभन्दा बढीको खरिदमा टेन्डर प्रक्रिया अपनाउनुपर्ने हुन्छ।

फिफाले सन् २०२६ को विश्वकपका लागि एन्फालाई उपलब्ध गराएको ३३० थान अनलाइन टिकट पारदर्शी रूपमा वितरण नगरी कालोबजारी र व्यक्तिगत रूपमा किनबेच गराएको पनि अभियोगमा उल्लेख छ। शेर्पा आउटडोरसँग भएको प्रायोजन सम्झौताबमोजिम एन्फाको खातामा आउनुपर्ने रकम संस्थाको खातामा नहाली महासचिव किरण राईले रु २५ लाख व्यक्तिगत रूपमा बुझेर अपचलन गरेको पनि अनुसन्धान बाट देखिएको छ।

अभियोगपत्रमा फरार रहेका एन्फा अध्यक्ष पङ्कजविक्रम नेम्वाङ र महासचिव किरण राईका हकमा अदालतबाट म्याद जारी गर्न अनुरोध गरिएको छ। चारैजनालाई राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ३१ मा परिभाषित खेलमा मिलोमतो तथा अनियमितता गर्न नहुने कार्य गरी ऐनको दफा ३२ (ग) बमोजिमको कसुर गरेको, सोही ऐनको दफा ३३ को (ग) बमोजिम सजाय हुन तथा निज प्रतिवादी हरूले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र (२) मा परिभाषित कसुर गरेको भन्दै संहिताको दफा २४९ को उपदफा ३ (क) बमोजिम सजाय मागदाबी लिइएको छ।

अखिल नेपाल फुटबल सङ्घलाई अमेरिकी डलर ५० हजारको हुन आउने नेपाली रकम ६६ लाख ५३ हजार ९०० तथा अमेरिकी डलर २० हजारको हुन आउने नेपाली रकम २६ लाख ४७ हजार (सम्झौता भएको मिति सन् २०२४ मार्च ४ मा को दररेट रु १३२.३५ बमोजिम) गरी ९३ लाख नौ सय बराबर क्षतिपूर्ति मुलुकी अपराध संहिता, २०७४ को दफा २५४ बमोजिम दिलाई भराई दिन मागदाबी लिइएको छ।

अपराधपीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम पीडित राहत कोषमा प्रतिवादी हरूबाट क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन समेत सरकारी वकिल कार्यालयले अभियोग पत्रमा माग दाबी लिएको छ। अन्य पदाधिकारी, कर्मचारीहरू तथा अन्य कोही कसैको संलग्नता रहेको भनी यकिन प्रमाणसहित खुल्न आएका बखत साथै प्रस्तुत वारदातमा अन्य कोही कसैको संलग्नता रहेको तथ्य पछि खुली आएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ बमोजिम थप दाबी लिइने उल्लेख गरिएको छ।

प्रतिवादीहरूले कसुरजन्य कार्य गरी सम्पत्ति आर्जन गरी सम्पत्तिलाई अन्यत्र प्रयोग गरेको तथ्य प्रमाणहरूबाट देखिएमा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ सम्बन्धी कसुरमा थप अनुसन्धान हुनेछ।

## सुदूरपश्चिमको बजेटसम्बन्धी रिटमा अन्तरिम आदेश दिन अस्वीकार



सुदूरपश्चिम। प्रदेशसभामा दर्ता रहेको अर्थ विधेयकमा पुनरावलोकन सहित परिमार्जन गर्न नपाइने दाबीसहित दायर रिट निवेदनमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ।

न्यायाधीश सपना प्रधान मल्ल र बालकृष्ण ढकालको संयुक्त इजलासले शुक्रबार प्रदेशसभामा दर्ता रहेको अर्थ विधेयक पुनरावलोकन सहित परिमार्जन गर्न पाइने वा नपाइने विषय रिट निवेदनको अन्तिम किनारा हुँदाका बखत निरुपण हुने भन्दै अन्तरिम आदेश दिन अस्वीकार गरेको हो।

सो क्रममा अधिवक्ता मनिराम उपाध्यायले अघिल्लो सरकारले गत असार १ गते प्रदेशसभामा बजेट प्रस्तुत गरि सकिएको अवस्थामा सरकार परिवर्तन भएपछि प्रदेश सभामा दर्ता रहेको अर्थ विधेयक पुनरावलोकन सहित परिमार्जन गर्न नमिल्ने दाबीसहित अन्तरिम आदेशको माग गर्दै रिट दायर गर्नुभएको थियो। गत असार २९ गते प्रदेश सरकार परिवर्तन भएको थियो। संयुक्त इजलासले संविधान को धारा ५९ को उपधारा (३), धारा २०० र धारा २०९ तथा सुदूरपश्चिम प्रदेशसभा नियमावली, २०८० को नियम १२३ लगायत कानुनी व्यवस्थाको सन्दर्भमा बजेट परिमार्जनको अधिकार सम्बन्धी प्रश्न अन्तिम सुनुवाइका क्रममा निरुपण हुनुपर्ने प्रकृतिको देखिएको उल्लेख गरेको छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सम्बन्धित व्यवस्था समेतका आधार मा हाललाई अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था नरहेको अदालतको ठहर छ।

दुई पक्षको बहसपछि संयुक्त इजलासले भनेको छ, "संविधानको धारा २०० मा एकातर्फ विधेयक फिर्ता लिन सकिने संवैधानिक व्यवस्था गरेको र अर्कोतर्फ धारा २०९ मा अर्थमन्त्रीले पूरक अनुमान मात्र पेस गर्न सक्ने व्यवस्था रहेको तथा सुदूरपश्चिम प्रदेशसभा नियमावली, २०८० को नियम १२३ को व्यवस्था कार्यान्वयन हुन बाँकी रहेको सन्दर्भमा बजेट प्रस्तुत भइसकेपछि सोलाई परिमार्जन गर्ने अधिकार प्रदेश सरकारलाई रहने नरहने विषय निवेदनको अन्तिम किनारा हुँदाका बखत निरुपण हुने प्रकृतिको देखिएको र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१, २२, २३, २४ को व्यवस्था समेतको रोहमा हाललाई निवेदन माग बमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन। नियमानुसार गर्नू।"

## बाढीपहिरोबाट अन्नपूर्णका दुई सय घरपरिवार प्रभावित

म्याग्दी। यही असोज ८ देखि ११ गतेसम्म परेको अविरल वर्षापछि आएको बाढीपहिरो र कालीगण्डकी नदीको कटानले म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा ठूलो जनधनको क्षति पुर्याएको छ।

विपत्मा परी छ जनाको मृत्यु भएको छ भने ६० घर पूर्ण र १२९ घर आंशिक रूपमा क्षतिग्रस्त भएका गाउँपालिकाले जनाएको छ। गाउँपालिकाकी उपाध्यक्ष दिवाकुमारी तिलिजाका अनुसार विपद्बाट विस्थापित परिवारलाई सुरक्षित राख्न तीन स्थानमा अस्थायी आश्रयस्थल निर्माण गरिएको छ। वडा नं ६ घारस्थित वडा कार्यालयमा रहेको आश्रय स्थलमा पाउद्वारका ९४ जना, शिखमा रहेको आश्रयस्थलमा किन्दु र धस्केखोरका ९१ जना तथा काफलडाँडाको सिरुबारीस्थित आश्रयस्थलमा महभीरका ७० जनालाई राखिएको छ।

तीनवटा आश्रयस्थलमा गरी २५५ जना प्रभावितले आश्रय लिएका छन्। थप १५६ जना प्रभावित आफन्त तथा छिमेकीको घरमा बसेका छन्। गाउँपालिकाले त्रिपाल र टेन्टको व्यवस्था गरी प्रभावितलाई अस्थायी बसोबासको प्रबन्ध मिलाएको उपाध्यक्ष तिलिजाले बताउनुभयो।

विपद्पछि सडक, विद्युत् र सञ्चार सेवा लामो समयसम्म अवरुद्ध हुँदा प्रभावित बस्तीमा दैनिक उपभोग्य सामग्री पुर्याउन कठिन भएको छ। नेपाली सेनाको हेलिकप्टरमार्फत ढुवानी गरिएका सामग्रीसमेत सकिन थालेका छन्। आश्रयस्थलसम्म पुग्ने सडक अवरुद्ध हुँदा राहत वितरणमा समस्या भएको गाउँपालिकाले जनाएको छ।

नेपाल विद्युत् प्राधिकरणको म्याग्दी वितरण केन्द्रले क्षतिग्रस्त विद्युत्का पोल तथा वितरण लाइन मर्मत गरेपछि ११ दिनपछि गाउँपालिका केन्द्र पोखरेबगर, नागी, राम्चे, भुरुङतातोपानी र दाना लगायत क्षेत्रमा विद्युत् सेवा सञ्चालनमा ल्याएको छ। शिख र घोडेपानीलगायतका बस्तीमा भने अझै विद्युत् सेवा सञ्चालन हुन सकेको छैन। विद्युत् तथा सञ्चार सेवा अवरुद्ध हुँदा स्थानीयको जनजीवन कष्टकर बनेको अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले बताउनुभयो। गाउँपालिकाका अध्यक्ष भारत कुमार पुनले विपद्बाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि आवश्यक स्रोतको अभाव भएपछि सहयोगको अपिल गर्नुपरेको बताउनुभयो। उहाँका अनुसार कालीगण्डकी नदीको कटानका कारण गाउँ पालिकाको महभीरदेखि मुस्ताङको सीमासम्मका बस्तीको संरक्षण गर्नु चुनौतीपूर्ण बनेको छ। बाढीपहिरोले बेनी-जोमसोम-कोरला सडक अन्तर्गत गाउँपालिका का विभिन्न स्थानमा सडक कटान तथा पहिरोको समस्या निम्त्याएको छ। सडक अवरुद्ध हुँदा प्रभावित बस्तीमा राहत सामग्री पुर्याउन र आवत-जावत गर्न कठिनाइ भएको छ। घर, गोठ, खानेपानी आयोजना, सिँचाइ, कृषि क्षेत्र तथा सार्वजनिक संरचनामा पुगेको क्षतिले स्थानीय को जनजीवन र जीविकोपार्जनमा समेत असर पारेको छ। प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउनुका साथै जोखिममा रहेका बस्तीको प्राविधिक अध्ययन गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने आवश्यकता रहेको अध्यक्ष पुनले बताउनुभयो। क्षतिग्रस्त सडक, खानेपानी, विद्युत् तथा अन्य पूर्वाधारको पुनर्निर्माणका लागि ठूलो लगानी आवश्यक पर्ने भएकाले गाउँपालिकाको स्रोतसाधनले मात्रै सम्भव नहुने उहाँको भनाइ छ।

अध्यक्ष पुनले विपद् उद्धार, राहत तथा पुनःस्थापनाका कार्यमा सहयोग गर्न चाहने सङ्घीय, प्रदेश तथा स्थानीय सरकार, विभिन्न सङ्घसंस्था, उद्यमी, व्यवसायी तथा सहयोगी व्यक्तिलाई गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा आर्थिक सहयोग गर्न आग्रह गर्नुभएको छ। गाउँपालिकाले कोषमा उपलब्ध क्युआर कोड मार्फत पनि सहयोग गर्न सकिने व्यवस्था मिलाएको उहाँले जानकारी दिनुभयो।

बाढीपहिरोबाट प्रभावित परिवारको सुरक्षित बसोबास, जोखिमयुक्त बस्तीको संरक्षण तथा स्थानान्तरण र क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माणलाई प्राथमिकता मा राखिएको गाउँ पालिकाले जनाएको छ।

यी कार्यका लागि सङ्घीय तथा प्रदेश सरकारबाट आवश्यक सहयोगको अपेक्षा गरिएको अध्यक्ष पुनले बताउनुभयो।

## उपत्यकामा दुई दिन विद्युत् आपूर्ति प्रभावित हुन सक्ने

काठमाडौँ। काठमाडौँ उपत्यकाको विद्युत् आपूर्तिलाई थप भरपर्दो, गुणस्तरीय र दिगो बनाउन मातातीर्थ-स्युचाटार १३२ केभी प्रसारण लाइनको क्षमता अभिवृद्धि तथा सुदृढीकरणको काम भइरहेको छ। यसअन्तर्गत पुरानो तार तथा कन्डक्टर (सूचालक) हटाएर उच्च क्षमताको नयाँ तार जडान गर्न लागिएकाले असोज २४ गते शनिबार र २५ गते आइतबार काठमाडौँ उपत्यकाको विद्युत् आपूर्ति प्रभावित हुन सक्ने ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको सचिवालयले जनाएको हो। नेपाल विद्युत् प्राधिकरण, आयोजना व्यवस्थापन निर्देशनालय अन्तर्गत सञ्चालित १३२ केभी प्रसारण लाइन स्तरोन्नति आयोजनाले मातातीर्थ-स्युचाटार १३२ केभी डबल सर्किट प्रसारण लाइनमा रहेको पुरानो कन्डक्टर परिवर्तन गरी उच्च क्षमताको नयाँ सूचालक जडान गरिरहेको छ। उक्त कार्यका लागि असोज २४ गते शनिबार र २५ गते आइतबार बिहान ९:०० बजेदेखि साँझ ५:०० बजेसम्म प्रसारण लाइन बन्द गर्नुपर्नेछ। कम क्षमताको पुरानो सूचालकको सट्टा 'एचटिएलएस कन्डक्टर' (बढी क्षमताको विद्युतीय भार वहन गर्न सक्ने) सूचालक जडान गर्न लागिएको हो। डबल सर्किट लाइनको एउटा सर्किटको करिब चार सय मिटर सूचालक बदल्न बाँकी रहेको छ।

# त्रिभुवन राजपथमा सवारी आवागमनको नयाँ समयतालिका लागू गरियो

हेटौँडा । मुग्लिङ - काठमाडौँ सडकखण्ड पहिरोका कारण पूर्ण रूपमा अवरुद्ध भएपछि जिल्ला प्रशासन कार्यालय मकवानपुरले त्रिभुवन राजपथमा सवारी आवागमन व्यवस्थित गर्न नयाँ समयतालिका निर्धारण गरेको छ । प्रशासकीय अधिकृत सन्तोष सुवेदीले मुग्लिङ-काठमाडौँ सडक अवरुद्ध भएपछि वैकल्पिक मार्गमा बढ्न सक्ने सवारी चापलाई ध्यानमा राख्दै त्रिभुवन राजपथमा आलोपालो प्रणाली लागू गरिएको जानकारी दिनुभयो ।

उहाँका अनुसार हेटौँडाबाट काठमाडौँतर्फ जाने सवारी साधनलाई यही असोज २४ गते बिहान २ बजेदेखि ५ बजेसम्म र दिउँसो ३ बजेदेखि साँझ ६ बजेसम्म सञ्चालन गर्न दिइनेछ । असोज २५ गते बिहान ४ बजेदेखि १० बजेसम्म सवारी सञ्चालन गर्न पाइनेछ । त्यस्तै, काठमाडौँबाट हेटौँडातर्फ आउने सवारीसाधनलाई साँझ ६:३० बजेदेखि राति ११ बजेसम्म सञ्चालन गर्न दिइनेछ। असोज २४ गते बिहान ९ बजेदेखि दिउँसो १२ बजेसम्म र राति १० बजेदेखि असोज २५ गते बिहान १ बजेसम्म सवारी सञ्चालनको समय निर्धारण गरिएको छ। असोज २५ गते दिउँसो २ बजेदेखि साँझ ७ बजेसम्म पनि काठमाडौँबाट हेटौँडातर्फ सवारी साधन सञ्चालन गर्न पाइने प्रशासकीय अधिकृत सुवेदीले जानकारी दिनुभयो ।

उहाँका अनुसार त्रिभुवन राजपथमा ११ मिटर लम्बाइसम्मका यात्रुवाहक सवारी साधनलाई मात्र सञ्चालन अनुमति दिइएको छ । त्यस्तै, १० चक्काभन्दा बढी भएका तथा १५ टनभन्दा बढी भार बोकेका मालवाहक सवारी साधनलाई उक्त सडकखण्ड प्रयोग गर्न पूर्ण रोक लगाइएको छ। मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले मुग्लिङ-काठमाडौँ सडक अवरुद्ध भएपछि वैकल्पिक मार्गमा सवारी चाप बढ्ने भएकाले आवागमन व्यवस्थापनका लागि तत्काल निर्णय गरिएको बताउनुभयो ।

कान्ति लोकपथमा दिउँसो दोहोरो सवारी सञ्चालन भइरहेको छ भने सिस्नेरी हुँदै काठमाडौँ जाने मार्गमा साना सवारीसाधनका लागि आलोपालो समयतालिका लागू गरिएको छैन । जिल्ला प्रशासन कार्यालयले यात्रु तथा सवारी चालकलाई निर्धारित समय तालिका पालना गरी यात्रा गर्न आग्रह गरेको छ ।

# आरन पेशालाई आयआर्जनको माध्यम बनाउँदै चक्रबहादुर

धनगढी । कञ्चनपुरको कृष्णपुर नगर पालिका-७ कलवपुरका चक्रबहादुर विकले विगत लामो समयदेखि धनगढी उपमहानगर पालिका-३ विशालनगर स्थित सडक छेउमै आरन पेशा गर्दै आउनु भएको छ। आफ्ना बाउबाजेको पालादेखिको पुर्ख्यौली पेशालाई उहाँले निरन्तरता दिँदै आउनुभएको छ ।

केही वर्षअघि कमजोर आर्थिक अवस्थाको कारण दश वर्षजति अर्काकोमा ज्यालादारीमा काम गर्नु भएको विकले अहिले आफैँ आरन व्यवसाय सञ्चालन गर्दै आउनुभएको छ । पछिल्लो समय आधुनिकतासँगै पुराना पेशा विस्थापित हुँदै गएको अवस्थामा उहाँले भने पुर्ख्यौली पेशालाई निरन्तरता दिँदै आफनो श्रम र सीपबाट परिवारको जीविकोपार्जन गरिरहनुभएको छ। आरन व्यवसायी विकले मासिक रूपमा रु ७० हजार बराबरको कारोबार गर्दै आउनु भएको छ । जसबाट सबै खर्च कटाएर रु २० हजार जति बचत हुने गरेको आरन व्यवसायी विकले बताउनु भयो ।

सामान्य लेखपढ मात्र गर्नुभएका उहाँको १२ जनाको जहान छ । उहाँसँग आम्दानीका अन्य कुनै आयस्रोत छैन । "घरका सबै परिवार यसै पेशाको कमाईमा मात्र निर्भर छन," उहाँले भन्नुभयो, "परिवारको लालनपालनदेखि सम्पूर्ण खर्च आरन पेशाको कमाइ नै धानेको छु" । बाल्यकालमा बुवासँगै फलामका विभिन्न औजार बनाउँने सिप सिक्नुभएका विकले पुर्ख्यौली पेशाको सीप प्रयोग गर्दै यस पेशालाई आफनो आम्दानीको मुख्य स्रोत बनाउनु भएको छ । यो पेशाबाट परिवार पाल्न धौधौ पर्न थालेको उहाँको भनाइ छ । "पुर्खाले गर्दै आएको सीप हो, यही काम सिकेर हुर्किएँ । अहिले पनि यही पेशाबाट जीवीकोपार्जन गर्दै आएको छु", विकले भन्नुभयो, "कहिलेकाही काम पाउँन समस्या हुन्छ तर आफ्नो सीप भएकाले अरुको भर पर्नुपरेको छैन ।"

विकले आरनमा फलाम तताउने, पिटने, काट्ने र आवश्यक आकार दिने काम गर्दै आउनुभएको छ। जसबाट हँसिया, कुटो, कोदालो, हलोको फाली, लगाएतका कृषि औजार बनाएर बिक्री गर्ने गरेको बताउनुभयो । स्थानीयस्तरमै रोजगारी सिर्जना गर्ने र परम्परागत सीपको संरक्षण गर्ने उद्देश्यले आरन पेशामा संलग्न व्यक्तिलाई आवश्यक तालिम, आधुनिक उपकरण तथा सहुलियत पूर्ण ऋृणको व्यवस्था गर्नुपर्ने विकको अपेक्षा छ ।

# व्यवसायमैत्री वातावरण बनाउन सरकार प्रतिबद्ध

काठमाडौँ। गृहमन्त्री सुधन गुरुङले व्यापार सहजीकरण, अवैध चोरी पैठारी नियन्त्रण तथा व्यवसायमैत्री वातावरण निर्माणका लागि सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) सम्मेलनको पूर्वसन्ध्यामा उद्योगी-व्यवसायीसँग शुक्रबार छलफल गर्दै उहाँले चोरी पैठारी नियन्त्रण तथा सीमा व्यवस्थापनलाई थप प्रभाव कारी बनाउन 'डिजिटल बोर्डर' को अवधारणा अघि बढाइने बताउनुभयो। गृहमन्त्रीले नेपाली उत्पादनको गुणस्तर प्रमाणीकरण तथा अन्तरराष्ट्रिय बजारमा पहुँच विस्तारलाई सहज बनाउन भारत गुणस्तर र नेपाल गुणस्तरबीच मान्यता तथा प्रमाणीकरणसम्बन्धी सहकार्य अघि बढाउने विषय द्विपक्षीय वार्तामा उठाउने प्रतिबद्धता गर्नुभयो ।

लगानीमैत्री वातावरण तयार गर्न व्यवसायीले राजनीतिनै गर्नुपर्ने बाध्यता अबको सरकारले अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको गृहमन्त्रीको सचिवालय ले जनाएको छ । "लगानीमैत्री वातावरण तयार गर्न सरकारले सबै क्षेत्रमा सुधारको प्रभावकारी पहलकदमी गर्छ, तर स्वच्छ र प्रतिष्पर्धी बजार अनुशासन विरुद्ध हुने व्यवसायीका सबै गतिविधिलाई




कानूनी दायरामा ल्याइनेछ", गृहमन्त्रीले भन्नुभयो । छलफलमा उद्योगी, व्यवसायीले व्यवसाय सञ्चालनका क्रममा भोग्नु परेका समस्या, चुनौती तथा तिनको समाधानका लागि क्षेत्रीय सहकार्य र बिम्स्टेक मञ्चमार्फत अघि बढाउन सकिने पहलबारे सुझाव प्रस्तुत गरेका थिए ।

# मन्त्री मेहताद्वारा ट्रमा सेन्टरको निरीक्षण

तुलसीपुर । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले दाङको लमही निर्माणाधीन ट्रमा सेन्टरको निरीक्षण गर्नुभएको छ । बिहीबार मन्त्री मेहतासहितको टोलीले निर्माणाधीन ट्रमा सेन्टरको निरीक्षण गर्नुभएको हो। त्यस अवसरमा मन्त्री मेहताले ट्रमा सेन्टर सञ्चालनका सम्बन्धमा छिट्टै निर्णय गरिने बताउनुभयो । प्रादेशिकस्तरको उक्त ट्रमा सेन्टरको भौतिक संरचना चालु आर्थिक वर्षभित्रै सम्पन्न गर्ने तयारी छ। करिब रु २२ करोड लागतमा उक्त ट्रमा सेन्टर निर्माण हुँदैछ। हाल भौतिक प्रगति ७४ प्रतिशतबराबर पुगेको छ। निर्माण सम्पन्न भएपछि ट्रमा सेन्टरबाट उपचार सेवा सञ्चालन गर्ने विषयमा सङ्घीय सरकारले तत्काल आवश्यक निर्णय गर्नुपर्ने बताउनुभयो ।

# स्वास्थ्य सेवा सबै नागरिकको पहुँचमा पुग्नुपर्ने

दाङ। स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले स्वास्थ्य सेवा सबै नागरिकको पहुँचमा पुग्न आवश्यक रहेको बताउनुभएको छ। दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको नवौँ वाषिक उत्सवका अवसरमा शुक्रबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो ।

मन्त्री मेहताले आर्थिक अवस्था कमजोर भएकै कारण जोकोही नागरिक पनि स्वास्थ्य उपचारबाट वञ्चित हुन नहुने धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको सेवा प्रभावकारी र गुणस्तरयुक्त हुनुपर्छ ।"

कार्यक्रममा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार श्याम लम्सालले प्रतिष्ठानलाई ४०० शय्याको अस्पतालका रूपमा विकास गर्ने विषयमा समेत छलफल भएको जानकारी गराउँदै प्रतिष्ठानले यसै वर्षदेखि जलन र क्यान्सर उपचारसमेत सञ्चालनमा ल्याउने बताउनुभयो ।

यसैबीच स्वास्थ्यमन्त्री मेहताले आजै राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा क्याथ ल्याब सेवाको समेत उद्घाटन गर्नुभयो । क्याथ ल्याबबाट आजदेखि नै सेवा उपलब्ध गराउन थालिएको छ ।

उहाँले अस्पताल र ल्याब सेवालाई थप प्रभावकारी, गुणस्तरीय र जनमुखी बनाउँदै लैजानुपर्नेमा जोड दिनुभयो । क्याथ ल्याब सेवा सञ्चालनमा आएसँगै प्रतिष्ठानमा मुटुसम्बन्धी रोगको परीक्षण तथा उपचार सेवा विस्तार हुने र यसबाट दाङसहित आसपासका जिल्लाका नागरिकलाई सहयोग पुग्ने विश्वास गरिएको छ ।

# तनहुँ हुलाक कार्यालयमा अन्तरराष्ट्रिय पार्सल सेवा सुरु

दमौली। आगामी दिनमा जिल्लाबाटै विभिन्न देशमा पार्सल पठाउन सकिने भएको छ। जिल्ला हुलाक कार्यालय तनहुँले गत सातादेखि अन्तरराष्ट्रिय पार्सल सेवा सञ्चालन मा ल्याएसँगै जिल्ला वासीलाई विदेशमा सामान पठाउन अन्य माध्यमबाट महँगो शुल्क तिर्नुपर्ने बाध्यता हटेको हो ।

गण्डकी प्रदेशमै पहिलो पटक जिल्ला तहबाट अन्तरराष्ट्रिय पार्सल सेवा सुरु गरिएको जिल्ला हुलाक कार्यालय तनहुँका प्रमुख शिरिष उपाध्यायले जानकारी दिनुभयो । उहाँका अनुसार दुई किलोसम्मको पार्सल अष्ट्रेलिया र अमेरिका पठाउँदा रु दुई हजार ५१०, चीन र संयुक्त अरब इमिरेट्स (यूएई) पठाउँदा रु एक हजार ७९५ र जापान र बेलायत पठाउँदा रु दुई हजार ७० शुल्क तोकिएको छ ।

निजी क्षेत्रका कुरियर सेवाको तुलनामा हुलाकमार्फत पार्सल पठाउँदा कम खर्च लाग्ने उपाध्यायले बताउनुभयो। जिल्लामै अन्तरराष्ट्रिय पार्सल सेवा उपलब्ध भएपछि नागरिकलाई सहज हुनुका साथै हुलाक सेवाप्रति आकर्षण बढ्ने र कार्यालयको राजस्वसमेत वृद्धि हुने अपेक्षा गरिएको उहाँको भनाइ छ।

जिल्ला हुलाक कार्यालय तनहुँले हाल वार्षिक करिब रु २५ लाख राजस्व सङ्कलन गर्दै आएको छ। अन्तरराष्ट्रिय पार्सल सेवा सुरु भएपछि राजश्व वृद्धि हुने उपाध्यायले बताउनुभयो ।

पार्सल पठाउँदा स्वघोषणा पत्र र सरकारी कार्यालय बाट जारी फोटोसहितको परिचय पत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ ।

पार्सलमा पठाइने वस्तु कर्मचारीको रोहबरमा प्याकिङ गर्नुपर्ने तथा कानुनले प्रतिबन्ध गरेका वस्तु पठाउन नपाइने कार्यालयले जनाएको छ ।

# विन्ध्यवासिनीमा नवदुर्गा महोत्सवको तयारी

कास्की । पोखराको प्रसिद्ध धार्मिकस्थल विन्ध्यवासिनी मन्दिरमा यस वर्षको नवदुर्गा महोत्सव घटस्थापनादेखि महानवमीसम्म विविध धार्मिक तथा सांस्कृतिक कार्यक्रमसहित आयोजना हुने भएको छ ।

विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले आज पोखरामा पत्रकार सम्मेलन आयोजना गरी नवदुर्गा महोत्सव र ज्ञान महायज्ञका बारेमा जानकारी दिएको हो । महोत्सव अन्तर्गत विन्ध्यवासिनी नवदुर्गा शोभायात्रा र श्रीमद् देवीभागवत ज्ञान महायज्ञ मुख्य आकर्षणका रूपमा रहनेछ ।

समितिका अनुसार विजया दशमी को अवसरमा २०६४ सालदेखि नवदुर्गा महोत्सव आयोजना हुँदै आएको छ । विसं २०८१ मा सरकारले राष्ट्रिय शोक बिदा घोषणा गरेको तथा २०८२ साल भदौ २३ र २४ गते भएको नवपुस्ताको आन्दोलन र त्यस पछिको विषम परिस्थितिका कारण पूर्वतयारी प्रभावित भएपछि दुई वर्ष विन्ध्यवासिनी नवदुर्गा शोभायात्रा स्थगित भएको थियो ।

यस वर्ष भने नवदुर्गा महोत्सव तथा श्रीमद् देवीभागवत ज्ञान महायज्ञलाई निरन्तरता दिइने समितिका अध्यक्ष गणेशबहादुर श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार घटस्थापनाको दिन बिहान विन्ध्यवासिनी पार्कबाट शोभायात्रा सुरु हुनेछ । शोभायात्रा मोहोरिया टोल, भैरवटोल, भीमसेन टोल, नालामुख, तेर्सापट्टी, पालिखेचोक, महेन्द्रपुल, चिप्लेढुङ्गा, सिद्धार्थचोक, रामकृष्णटोल, गणेशटोल, नालामुख, भैरवटोल हुँदै विन्ध्यवासिनी मन्दिरको प्राङ्गणमा पुगेर समापन हुनेछ ।

त्यसैगरी महायज्ञतर्फ सोही दिनदेखि सङ्गीतमय कथा प्रवचन, भजनकीर्तन तथा सङ्गीतमय कथा प्रवचन सञ्चालन हुनेछ । प्रत्येक दिन साँझ ६:०० बजे महाआरती गरिने समितिले जनाएको छ ।

विजयादशमीको अवधिभर मन्दिरमा नित्य पूजा बिहान ४:०० बजेदेखि सुरु हुने र भक्तजनका लागि दर्शन गर्न मन्दिर बिहान ५:०० बजेदेखि खुला गरिनेछ। महायज्ञमा गणेश पर्वत पौडेल कथावाचक तथा स्वामी निर्भयानन्द र अनकुल ढकाल उपवाचक रहनुहुने छ ।

महोत्सवलाई व्यवस्थित, सुरक्षित र भव्य रूपमा सम्पन्न गर्न आवश्यक तयारी अघि बढाइएको छ । समितिले महोत्सवका क्रममा धार्मिक पर्यटन प्रवर्द्धनसँगै स्वास्थ्य, सामाजिक सेवा, संस्कृति संरक्षण तथा स्थानीय समुदायको सहभागिता लाई प्राथमिकता दिएको जनाएको छ ।

समितिले महोत्सव केवल एउटा धार्मिक कार्यक्रम नभई विन्ध्यवासिनी क्षेत्रको धार्मिक, सांस्कृतिक, सामाजिक तथा ऐतिहासिक महत्वलाई उजागर गर्ने अवसरका रूपमा लिएको छ । धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, परम्पराको पुस्तान्तरण र सामाजिक सेवाका गतिविधिलाई थप प्रभावकारी बनाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिने अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

विन्ध्यवासिनी धार्मिक क्षेत्र पोखराको धार्मिक आस्थाको केन्द्र मात्र नभई गलेश्वर-मुक्तिनाथ जाने धार्मिक यात्राको मुख्य प्रवेशद्वार रहेकाले यसको संरक्षण र विकास लाई समग्र गण्डकी प्रदेशको धार्मिक पर्यटनसँग जोडेर अघि बढाउनुपर्नेमा समितिले जोड दिएको समितिका महासचिव सुशीला बराल रेग्मीले जानकारी दिनुभयो ।

समितिले महोत्सवका क्रममा ठूलो सङ्ख्यामा भक्तजन तथा श्रद्धालु आउने भएकाले सुरक्षा, यातायात व्यवस्थापन, स्वास्थ्य सेवा, सरसफाइ, खानेपानी, विद्युत्, विपद् व्यवस्थापन तथा भीड व्यवस्थापन प्रभावकारी बनाउन सम्बन्धित सबै निकायसँग समन्वय गरिने जनाएको छ ।

समितिले महोत्सवलाई शान्तिपूर्ण, सुरक्षित, सभ्य, भव्य र मर्यादित रूपमा सम्पन्न गर्न सबै पक्षसँग सहयोग र सहकार्यका लागि आग्रह गरेको छ। पत्रकार, सरकारी निकाय, सुरक्षा निकाय, धार्मिक सङ्घसंस्था तथा स्थानीय समुदायको सुझाव, मार्गदर्शन, समन्वय र सहयोगले महोत्सवलाई थप व्यवस्थित बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको समितिले जनाएको छ ।

अज्ञात समयदेखि शक्तिपीठ का रूपमा पूजा हुँदै आएको हालको विन्ध्यवासिनी मन्दिर अढाई शताब्दी पुरानो रहेको अनुमान गरिएको छ। यसको स्थापना कास्कीका अन्तिम राजा सिद्धिनारायण शाहको पालामा भएको भनाइ छ ।

मन्दिरको संरक्षण, विकास र प्रवर्द्धन गर्ने उद्देश्यले २०४३ सालमा विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिको गठन समेत गरिएको थियो ।

**प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित**
**कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०**
**सम्पादक : रमेश अधिकारी**, Email : pratyushdainik@gmail.com,Website:epratyush.com